# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन विभाग

o/c

पत्र संख्या :– २०८०।०८१
चलानी नं. :–११७५

मिति:२०८०।०७।२०

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौं ।

श्री सम्पूर्ण योजना व्यवस्थापकहरु ।

**बिषय: निर्देशन दिईएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ८७ बमोजिम मिति २०८० कार्तिक २१ गतेबाट लागू हुने गरी देहाय बमोजिमको व्यवस्था गर्न गराउन सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड र सम्पूर्ण योजना व्यवस्थापकहरुलाई निर्देशन दिने बोर्डको निर्णयानुसार आवश्यक व्यवस्था गर्न गराउन हुन अनुरोध गर्दछु ।

"संगठित संस्थाको सार्वजनिक निष्काशन गरिने धितोपत्रको कम्तिमा पाँच प्रतिशत धितोपत्र सामूहिक लगानी कोषको लागि छुट्टयाउनु पर्ने सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम सामूहिक लगानी कोषले खरीद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले छ महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

तर यसरी खरीद गरेको धितोपत्र बाँडफाँड भएको मितिले छ महिना भित्र नै योजनाको निर्धारित समयावधि समाप्त हुने वा योजना खारेज हुने अवस्थामा उक्त अवधि भित्र सामूहिक लगानी कोषको स्वामित्वमा रहेको धितोपत्र बिक्री तथा हस्तान्तरण गर्न बाधा पुग्ने छैन ।"

**बोधार्थ तथा कार्यार्थ:**
श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाडौं, नेपाल ।
श्री सुपरीवेक्षण विभाग
नेपाल धितोपत्र बोर्ड ।

भवदीय,

(अम्बिका प्रसाद गिरी)
उप कार्यकारी निर्देशक

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०९७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np